# सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रमको कार्यान्वयन अवस्था

शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह द्वितीय वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन
मूल विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत
शोधपत्र


प्रस्तुतकर्ता
सुष्मा बञ्जारा
परीक्षा रोल नं.: २८०१३०/०६६
त्रि.वि. दर्ता नं.: ९-२-५०८-२००४



त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय
पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग
कीर्तिपुर, काठमाडौँ
२०६८



सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रमको कार्यान्वयन अवस्था - सुष्मा बञ्जारा २०६८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्रा सुष्मा बन्जाराले **'सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयन अवस्था'** शीर्षकमा मेरो प्रत्यक्ष निर्देशनमा रही शोधपत्र लेखन कार्य पूरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..............................

सह.प्रा नारायण बस्नेत

शोध निर्देशक

मितिः २०६८/१/६

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्रा सुष्मा बन्जाराले **'सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रमक कार्यान्वयन अवस्था'** शीर्षकमा शोध पत्र तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिका लागि सिफारिस साथ यस समितिमा पेस गर्नु भएकोमा यस समितिबाट मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. सह प्रा. नारायण बस्नेत ..........................
(विभागीय प्रमुख एवं शोध निर्देशक )

२. प्रा.डा. प्रेमनारायण अर्याल ..........................
( बाह्य परीक्षक )

३. सह प्रा. जनार्दन घिमिरे ..........................
(बाह्य परीक्षक)

४. उप प्रा. विश्वबाला थापा ..........................
(बाह्य परीक्षक)

मिति : २०६८/१/१२

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्न **'सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रमक कार्यान्वयन अवस्था'** शीर्षकमा यो शोधपत्र तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र पूरा गर्न प्रारम्भदेखि अन्त्यसम्म नियमित सुपरीवेक्षण, मार्गनिर्देशन र अमूल्य सहयोग प्रदान गर्नु हुने विभागीय प्रमुख, शोध निर्देशक सह प्राध्यापक नारायण बस्नेतज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा मलाई आवश्यक सरसल्लाह र मार्ग निर्देशन गरिदिनु हुने मेरा आदरणीय गुरु प्रा.डा. तीर्थराज पराजुलीज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । मलाई यो शोधपत्र लेखन कार्यमा सहयोग पुऱ्याइ दिनु हुने उपप्राध्यापकज्यूहरू श्री कीरणराम रञ्जितकार, शिवराज बढू, श्रीमती यशोधरा पन्त, श्रीमती विश्वबाला थापा लगायत अन्य गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । मेरो अनुसन्धानको क्रममा आवश्यक सूचना उपलब्ध गराई सहयोग गर्नु हुने श्री तिलिङ्गटार उ.मा.वि र सप्तगण्डकी आ.मा.वि परिवारलाई हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु ।

आवश्यक सल्लाह र सुझाव दिई लेखन कार्यमा सहयोग गर्नु हुने मेरा आत्मीय साथीहरू, मलाई हरवखत हौसला एवं प्रेरणा दिने मेरो परिवार र कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने प्रभात पोखरेल र रेसुङ्गा कम्प्युटरका नारायण बस्नेतलाई पनि धन्यवाद दिन चाहन्छु ।

सुष्मा बन्जारा<br>
शोधकर्ता<br>
२०६८ वैशाख

# शोध सार

सन् १९८९ मा संयुक्त राष्ट्रसङ्घ महासभाबाट बाल अधिकार महासन्धि पारित भयो, जसले बाल अधिकारका लागि विश्वपरिप्रेक्ष्यमा पहिलो आवाज उठायो । सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा र सन् २००० मा भएको डकार सम्मेलनले विश्वव्यापी रूपमा 'सबैको लागि शिक्षा' उपलब्ध गराउने नीति र कार्यक्रम गरे अनुसार नेपालमा पनि प्रारम्भिक बालविकास शिक्षालाई विस्तार गर्ने लक्ष्य राखेको पाइन्छ । नेपालमा आज भन्दा करिब ६० वर्ष अगाडि मन्टेश्वरी स्कुलको नामले स्थापना भएको प्रारम्भिक बालशिक्षा अहिले आएर सहरी र ग्रामीण इलाकाहरूमा विस्तार हुँदै आए तापनि त्यसले फ्रोबेल र मन्टेश्वरीको शिक्षण पद्धतिलाई पूर्ण रूपमा ग्रहण गर्न सकेको छैन । सर्वाङ्गीगण राष्ट्रिय शिक्षा समिति २०१८, शिक्षा ऐन २०२८ उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले नेपालमा प्रारम्भिक बाल शिक्षाको हकमा नीति तथा कार्यक्रम लागू गर्दै आएको छ । उच्च स्तरीय कार्यसमिति २०५८ को प्रतिवेदनमा शिशुविकास कार्यक्रम २ वर्षको हुनुपर्ने कुरा उल्लेख भएको पाइन्छ । यस संन्दर्भमा **'सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रमक कार्यान्वयन अवस्था'** शीर्षकमा यो अध्ययन गरिएको हो । नेपाल सरकारले निर्माण गरेको प्रारम्भिक बालविकास दिग्दर्शन सामुदायिक र संस्थागत विद्यालयमा कार्यान्वयन कसरी भइरहेको छ ? पाठ्यक्रम कार्यान्वयनमा भोग्नुपरेका समस्या र समस्या समाधानको लागि अपनाइएका उपायहरू पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

यो अध्ययन काठमाडौं जिल्ला धापासी गा.वि.स अन्तर्गत नमुना छनोटमा परेका एउटा सामुदायिक र एउटा संस्थागत विद्यालय गरी जम्मा २ वटा विद्यालयहरूमा सञ्चालित पूर्व प्राथमिक कक्षाहरूमा मात्र सीमित गरिएको छ । उत्तरदाताको रूपमा छनोटमा परेका दुवै विद्यालयका प्र.अ.हरू, ६ जना अभिभावकहरूलाई अन्तवार्ता र पूर्व प्राथमिक तहमा कार्यरत शिक्षकहरूलाई प्रश्नावली तथा कक्षा अवलोकनवाट सूचना सङ्लन गरिएको थियो ।

सूचनाहरूको विश्लेषणबाट प्राप्त निचोड अनुसार प्रारम्भिक बालविकास दिग्दर्शनले निर्दिष्ट गरेका उद्देश्यलाई तुलना गर्दा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयले दिग्दर्शन अनुसार उद्देश्यहरू राखेको पाइयो । दुवै विद्यालयहरूको विषयवस्तुको तुलना गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास दिग्दर्शन र जाइका नेपालको सुझावलाई आधार मानी विषयवस्तु राखिएको पाइयो भने संस्थागत विद्यालयले पनि दिग्दर्शनलाई आधार मानी केही विषयवस्तु समेटि अनिवार्य पाठ्यपुस्तकको व्यवस्था गरेको पाइयो । दिग्दर्शनले स्थानीय स्तरमा उपलब्ध सामग्रीको प्रयोगलाई जोड दिए जस्तै छनौटमा परेका दुवै विद्यालयहरूले स्थानीय रूपमा उपलब्ध शैक्षिक सामग्रीलाई जोड दिई कार्यान्वयन गरेको पाइयो । सामुदायिक विद्यालयको कक्षा कोठा ठूलो भएको हुँदा सबै शैक्षिक सामग्रीलाई

कक्षाकोठामा व्यवस्थित राखिएको र संस्थागत विद्यालयमा शैक्षिक सामग्री छुट्टै मन्टेश्वरी कोठामा राख्ने गरेको अवलोकनको क्रममा पाइयो ।

सहयोगी सत्य बोल्ने, मिलनसार, आचरणको विकास गराउने जस्ता क्रियाकलाप गराउन दिग्दर्शनले निर्दिष्ट गरेकामा दुबै विद्यालयमा यी क्रियाकलाप भए पनि संस्थागतको तुलनामा सामुदायिक विद्यालयले बढी गरेको पाइयो । दिग्दर्शनले सोध्ने, ध्यानपूर्वक सुन्ने, समानता भिन्नता छुट्याउने जस्ता क्रियाकलाप गराई मानसिक विकास गराउन निर्दिष्ट गरेकामा दुबै विद्यालयमा यी क्रियाकलाप गरे पनि सामुदायिक विद्यालयको क्रियाकलाप राम्रो पाइयो । दिग्दर्शनको शारीरिक विकास गराउने, मांशपेशीको विकास गराउने, दृष्टिचाल, सुनाइचाल बीच समन्वय ल्याउने जस्ता क्रियाकलाप पर्याप्त मात्रामा गराएको पाइयो भने सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा खेल सामग्री बढी रहेको अवलोकनको क्रममा पाइयो । संवेगात्मक विकास गराउन दुबै विद्यालयमा चित्र, खेलौना, कार्टुन फिल्म आदि प्रयोग गर्ने गरेको पाइयो । दिग्दर्शनले यस तहमा मूल्याङ्कन प्रविधि अन्तर्गत निरन्तर मूल्याङ्कन, उपलब्धि जाँच, मौखिक परीक्षाजस्ता विधि अपनाउने भनी निर्धारण गरेको पाइन्छ । सामुदायिक विद्यालयले दिग्दर्शनले निर्धारण गरेको निरन्तर मूल्याङ्कन, उपलब्धि जाँच र मौखिक परीक्षाजस्ता प्रविधि अपनाए पनि संस्थागत विद्यालयले आवधिक परीक्षालाई मात्र आधार मानेको पाइयो ।

दुबै विद्यालयमा उपयुक्त र पर्याप्त फर्निचर, खेल सामग्री र मैदानको अभाव, निरीक्षण र अनुगमनमा कमी, पाठ्यक्रम कार्यान्वयनको अवधि स्पष्ट नहुनु, समन्वय र समझदारीको अभाव, उपयुक्त मूल्याङ्कन प्रविधिको अभाव जस्ता समस्याहरू पाठ्यक्रम कार्यान्वयनका क्रममा आइ परेको पाइयो । ती समस्यालाई निरीक्षण र अनुगमनमा वृद्धि, सामग्रीको थप उपलब्धता, शिक्षकलाई तालिमको व्यवस्था, कक्षा शिक्षणको व्यवस्था, भौतिक सुविधामा वृद्धि गरेर समाधान गर्ने प्रयास गरेको पाइयो ।

# विषय सूची

पृष्ठ सङ्ख्या


| | |
|---|---|
| **सिफारिस पत्र** | **i** |
| **स्वीकृति पत्र** | **ii** |
| **कृतज्ञता ज्ञापन** | **iii** |
| **शोधसार** | **iv** |
| **विषय सूची** | **vi** |
| **तालिका सूची** | **viii** |
| **संक्षिप्तीकरण शब्द सूची** | **ix** |
| **अध्याय एकः परिचय** | **१-८** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ अध्ययन क्षेत्रको पृष्ठभूमि | ५ |
| १.३ समस्याको कथन | ६ |
| १.४ अनुसन्धानात्मक प्रश्नहरू | ७ |
| १.५ अध्ययनको उद्देश्य | ७ |
| १.६ अध्ययनको औचित्य | ७ |
| १.७ अध्ययनको परिसीमा | ८ |
| १.८ प्रयोग गरिएका शब्दावली र परिभाषा | ८ |
| **अध्याय दुईः सम्बन्धित साहित्यको पुनरावलोकन** | **९-१३** |
| २.१ सैद्धान्तिक साहित्यको समीक्षा | ९ |
| २.२ धारणात्मक साहित्यको समीक्षा | १० |
| २.३ अवधारणात्मक ढाँचा | ११ |
| **अध्याय तीनः अध्ययन विधि** | **१४-१७** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १४ |
| ३.२ नमुना छनोट प्रक्रिया | १५ |
| ३.२.१ विद्यालयको छनोट | १५ |
| ३.२.२ प्रधानाध्यापक र शिक्षकको छनोट | १५ |
| ३.२.३ अभिभावकको छनोट | १५ |
| ३.३ तथ्याङ्क सङ्कलनका साधनहरू | १५ |

३.३.१ अन्तवार्ता १५

३.३.२ कक्षा अवलोकन फारम १६

३.३.३ प्रश्नावली १६

३.४ साधनको वैधता निर्धारण १६

३.५ सूचना सङ्कलन प्रक्रिया १६

३.६ सूचनाको विश्लेषण र व्याख्या १७

**अध्याय चार : प्राप्त सूचनाको विश्लेषण र व्याख्या १८-३५**

४.१ प्रारम्भिक बालविकास दिग्दर्शनले निर्दिष्ट गरेका उद्धेश्य, विषयवस्तु , शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रविधिहरू सामुदायिक र संस्थागत विद्यालयहरूको कार्यान्वयन स्थिति विवरण १८

४.१.१ उद्धेश्य १८

४.१.२ विषयवस्तु २०

४.१.३ शैक्षिक सामग्री २१

४.१.४ शिक्षण सिकाइ क्रियाकलाप २३

४.१.४.१ शारीरिक पक्षको विकास २३

४.१.४.२ सामाजिक पक्षको विकास २५

४.१.४.३ मानसिक पक्षको विकास २६

४.१.४.४ संवेगात्मक पक्षको विकास २८

४.१.५ मूल्याङ्कन प्रविधि २९

४.२ पाठ्यक्रमको कार्यान्वयन गर्दा भोग्नुपरेका समस्या र अपनाइएका समाधानका उपायहरूको विवरण ३०

४.२.१ पाठ्यक्रमको कार्यान्वयन गर्दा भोग्नुपरेका समस्या विवरण ३०

४.२.३ पाठ्यक्रमको कार्यन्वयनमा अपनाइएका समाधानका उपायहरूको विवरण ३३

**अध्याय पाँच प्राप्ति, निष्कर्ष र सुझाव ३६-४१**

५.१ प्राप्तिहरू ३६

५.२ निष्कर्ष ३९

५.३ सुझावहरू ४०

**सन्दर्भ सूची**

**अनुसूचीहरु**

**विद्यालयका चिठीहरु**

# तालिकाको सूचि


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| तालिका नं. १.१ | विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रहरूको प्रगति विवरण | ४ |
| तालिका नं. ४.१ | प्रारम्भिक बालविकास पाठ्यक्रमको उद्देश्यको कार्यान्वयन अवस्था | १९ |
| तालिका नं. ४.२ | प्रारम्भिक बालविकास पाठ्यक्रमको विषयवस्तुको कार्यान्वयन अवस्था | २० |
| तालिका नं. ४.३ | प्रारम्भिक बालविकास पाठ्यक्रमको शैक्षिक सामग्रीको कार्यान्वयन अवस्था | २२ |
| तालिका नं. ४.४ | प्रारम्भिक बालविकास पाठ्यक्रमको शारीरिक विकास गराउने क्रियाकलापको कार्यान्वयन अवस्था | २४ |
| तालिका नं. ४.५ | प्रारम्भिक बालविकास पाठ्यक्रमको सामाजिक विकास गराउने क्रियाकलापको कार्यान्वयन अवस्था | २५ |
| तालिका नं. ४.६ | प्रारम्भिक बालविकास पाठ्यक्रमको मानसिक विकास गराउने क्रियाकलापको कार्यान्वयन अवस्था | २७ |
| तालिका नं ४.७ | प्रारम्भिक बालविकास पाठ्यक्रमको संवेगात्मक विकास गराउने क्रियाकलापको कार्यान्वयन अवस्था | २८ |
| तालिका नं. ४.८ | प्रारम्भिक बालविकास पाठ्यक्रमको मूल्याङ्कन प्रविधिको कार्यान्वयन अवस्था | २९ |
| तालिका नं. ४.९ | सामुदायिक र संस्थागत विद्यालयहरूमा पाठ्यक्रम कार्यान्वयनमा भोग्नु परेका समस्या विवरण | ३० |
| तालिका नं. ४.१० | सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनमा अपनायएका समस्या समाधानका उपायहरूको स्थिति विवरण | ३४ |

# संक्षिप्तीकरण शब्द सूची

| | |
|---|---|
| आ.मा.वि | : आवासीय माध्यमिक विद्यालय |
| उ.मा.वि | : उच्च माध्यमिक विद्यालय |
| उ.रा.शि.आ | : उच्च राष्ट्रिय शिक्षा आयोग |
| क्र.स | : कम सङ्ख्या |
| के.जी | : किन्डर गार्टेन |
| प्र.अ | : प्रधानाध्यापक |
| स. का | : सहयोगी कार्यकर्ता (शिक्षक) |
| CERID | : Research center in Educational Innovation and Development |
| DoE | : Department of Education. |
| L.P.P | : Liberal Promotion Policy |
| MoES | : Ministry of Education and Sport. |
| UNICEF | : United Nations International Children Emergency Fund. |